## सहाना प्रधान स्मृति यू-१९ भलिबल

# गण्डकी र बागमती च्याम्पियन

**हिमालय टाइम्स**

काठमाडौं, १५ असार



गण्डकी र बागमती प्रदेश सहाना प्रधान स्मृति यू-१९ राष्ट्रिय महिला तथा पुरुष भलिबल प्रतियोगिताको च्याम्पियन बनेका छन् । त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) कभर्डहलमा शनिबार सम्पन्न प्रतियोगितामा गण्डकीले पुरुष तथा बागमतीले महिलातर्फको उपाधि जिते ।

पुरुषतर्फको उपाधि भिडन्तमा गण्डकीले लुम्बिनी प्रदेशविरुद्ध ३-१ सेटको जित निकाल्यो । गण्डकीले खेल २५-१५,२०-२५, २५-२०, २५-२० ले आफ्नो पक्षमा पार्‍यो । यसैगरी महिलातर्फ पनि बागमतीले लुम्बिनीविरुद्ध ३-० को सोझो सेटमा जित निकाल्यो । बागमतीले खेल २५-२१, २५-१६, २५-१८ ले आफ्नो पक्षमा पार्‍यो ।

पुरुषतर्फ बागमतीलाई हराउँदै सुदूरपश्चिम तथा महिलातर्फ कोशीलाई हराउँदै गण्डकीले तेस्रो स्थान हासिल गर्‍यो । दुवैतर्फका शीर्ष तीनले तीन लाख, दुई लाख र एक लाख रुपैयाँ प्राप्त गरेका छन् ।

# नेपालले सेडार्स महिला अन्तर्राष्ट्रिय फुटबल नखेल्ने



**काठमाडौं/हिटा ।** नेपाली राष्ट्रिय महिला फुटबल टिमले लेबनानमा आयोजना हुने सेडार्स महिला अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिता नखेल्ने भएको छ । लेबनानमा विकसित भएको पछिल्लो घटनाक्रम र राष्ट्रिय टोलीका खेलाडी तथा अन्य सदस्यहरूको सुरक्षालाई मध्यनजर गर्दै लेबनानमा जुलाई ८ देखि १६ सम्म हुने प्रतियोगितामा भाग नलिने निर्णय लिएको अखिल नेपाल फुटबल संघ (एन्फा) ले जनाएको हो । एन्फाले नेपाली राष्ट्रिय महिला टोलीलाई चाँडै नै अर्को अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी गराउन एन्फा तत्पर रहेको जनाएको छ । निकट भविष्यमा नै प्रतियोगिताबारे जानकारी गराइने एन्फाको भनाइ छ ।

# गुल्मीमा कभर्डहलको उद्घाटन

**हिमालय टाइम्स**

काठमाडौं, १५ असार

राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य-सचिव टंकलाल घिसिङले गुल्मीको रुरुक्षेत्र गाउँपालिकास्थित रिडीमा बनेको ब्याडमिन्टन कभर्डहल तथा सभाहलको एक कार्यक्रमबीच शनिबार उद्घाटन गर्नुभयो ।



२०८० साल पुस ५ गते निर्माण कार्य सुरु भएको कभर्डहलको निर्माण कार्य २०८१ साल जेठ ५ गते सम्पन्न भएको थियो । कभर्डहल निर्माणका लागि गुल्मीका ८४ वर्षीय गुरूप्रसाद ज्ञवालीको अध्यक्षतामा निर्माणाधीन रुरु कभर्डहल उपभोक्ता समिति गठन गरिएको थियो । हलमा दुई कोर्ट रहेका छन् । जम्मा एक करोड २४ लाख लागतमा निर्माण सम्पन्न भएको कभर्डहलका लागि राखेपले ९० लाख रुपैयाँ सहयोग गरेको थियो ।

# धर्म र पुष्पलाई स्वर्ण

**हिमालय टाइम्स**

काठमाडौं, १५ असार

नेपाली भेट्रान धावक धर्म महर्जन र पुष्पलाल श्रेष्ठले अन्तर्राष्ट्रिय खुला भेट्रान एथलेटिक्स प्रतियोगितामा शनिबार स्वर्ण जित्नुभएको छ ।

बंगलादेशको ढाकामा भएको प्रतियोगितामा धर्मले ५० वर्षमाथि १० हजार मिटर दौडमा स्वर्ण जितेको टोली नेतृत्व गर्नुभएका बुद्धवीर लामाले जनाउनुभएको छ । प्रतियोगितामा धर्मको यो व्यक्तिगत दोस्रो स्वर्ण हो । यसअघि धर्मले पाँच हजार मिटर दौडमा पनि स्वर्ण जित्नुभएको थियो । पुष्पलालले पनि १० हजार मिटर दौडमै ६५ वर्षमाथि उमेर समूहमा पहिलो स्थान हात पार्नुभयो । सोही दूरीको ४० वर्षमाथि लाक्पा शेर्पा लामा पाँचौं स्थानमा रहनुभयो । प्रतियोगितामा नेपालबाट ६ जना भेट्रान धावकले प्रतिस्पर्धा गरेका थिए ।

नेपालले पाँच स्वर्ण, एक रजत र एक कांस्य पदक जित्यो । यसअघि ६५ वर्षमाथि पाँच हजार मिटर दौडमा गीतकारसमेत रहनुभएका बुद्धवीर लामा स्वर्ण तथा रेवत दाहालले ५० वर्षमाथि एक हजार पाँच सय मिटर दौडमा स्वर्ण र एक हजार पाँच सय मिटर दौडमा रजत जित्नुभएको थियो । ५५ वर्षमाथि पाँच हजार मिटर दौडमा दीपककुमार रञ्जितले कांस्य हात पार्नुभयो । टोली मंगलबार स्वदेश फर्किंदै छ ।

# ई-स्पोर्ट्स च्याम्पियनसिप

**हिमालय टाइम्स**

सुर्खेत, १५ असार



ई-स्पोर्ट्स संघ नेपाल (इशान) को आयोजनामा पहिलो राष्ट्रिय ई-स्पोर्ट्स च्याम्पियनसिपको फाइनल राउण्ड शुक्रबारदेखि सुर्खेतमा सुरु भएको छ । इशानको गठन भएपछि संघको पहिलो कार्यक्रमका रूपमा राष्ट्रिय ई-स्पोर्ट्सको सुरुवात कर्णाली प्रदेशको सुर्खेत वीरेन्द्रनगरबाट गरिएको छ ।

जसमा पब्जी मोबाइल, ई-फुटबल र मोबाइल लेजेन्ड गरी तीन इभेन्ट समावेश गरिएको छ । मुख्य इभेन्टका रूपमा रहेको पब्जी मोबाइलमा छनोट चरण पार गरेर आएका १५ टोली र कर्णाली प्रदेशको टोलीसमेत गरी १६ टोली प्रतिस्पर्धामा छन् ।

कर्णाली प्रदेशका पूर्वमुख्यमन्त्री राजकुमार शर्माले शुक्रबार ई-स्पोर्ट्सको उद्घाटन गर्दै नौलो खेलको सुरुवात कर्णाली प्रदेशबाटै गरेकोमा संघलाई धन्यवाद दिँदै सफलताको शुभकामना दिनुभएको थियो ।

पछिल्लो समय विश्वमै ई-स्पोर्ट्स चर्चामा छ र नेपालमा पनि यस खेलमा लाग्ने खेलाडीहरूको संख्या बढ्दो छ । गत वर्ष चीनको हानझाउमा भएको १९औं एसियाडमा पनि नेपालले ई-स्पोर्ट्समा डेब्यु गर्दै उत्कृष्ट प्रदर्शन गरेको थियो । आगामी मंसिरमा कर्णाली प्रदेशमा १०औं बृहत् राष्ट्रिय खेलकुद आयोजना हुँदैछ र त्यसैलाई ध्यान दिँदै ई-स्पोर्ट्स संघले पनि आफ्नो पहिलो कार्यक्रम कर्णालीबाटै सुरुवात गरेको छ ।

राष्ट्रिय खेलकुदमा पनि ई-स्पोर्ट्सलाई समावेश गर्ने तयारी संघको छ । संघका अध्यक्ष अञ्जन धमलाले संघ आधिकारिक रूपमा दर्ता भएपछि देशभरका प्रतिभावान खेलाडीलाई बाहिर ल्याउन यो च्याम्पियनसिप आयोजना गरिएको बताउनुभयो । 'दशौं राष्ट्रिय खेलकुद पनि कर्णाली प्रदेशमै हुँदैछ । यसमा नयाँ खेल पनि थपिनेछ । त्यसमा ई स्पोर्ट्स पनि छनोट गर्नुभयो भने अझ राम्रो हुन्छ । हामी कर्णालीबाटै ई-स्पोर्ट्सको आधार तयार गर्दैछौं,' उहाँले भन्नुभयो । संघले पहिलो कार्यक्रमका रूपमा ई-स्पोर्ट्स च्याम्पियनसिप आयोजना गर्दा तीन इभेन्टमात्र समावेश गरेको छ । आगामी दिनमा इभेन्टको संख्यासमेत बढाउँदै जाने संघको योजना छ ।

धमलाले ई-स्पोर्ट्स खेलमात्र नभएर एउटा उद्योगकै रूपमा विकास गर्न सकिने बताउनुभयो । उहाँले भन्नुभयो, 'ई-स्पोर्ट्सलाई खेलमात्र नभएर एउटा इन्डस्ट्रीकै रूपमा किन परिणत नगर्ने ? हामीले पनि खेलाडीका लागि राम्रो अवसर सिर्जना गर्नुपर्छ । जसले गर्दा राम्रो प्रदर्शन गर्न पनि सहयोग पुग्छ ।'

पहिलोपटक आयोजना भइरहेको राष्ट्रिय ई-स्पोर्ट्स च्याम्पियनसिपको छनोटमा पब्जीमा १३६ टिम, मोबाइल लेजेण्ड्समा ४० टिम र ई-फुटबलमा १९३ खेलाडीले प्रतिस्पर्धा गरेका संघले जनाएको छ ।

कुल पुरस्कार राशि १२ लाख रहेको प्रतियोगितामा पब्जी मोबाइलमा नौ लाख, मोबाइल लेजेण्ड्समा दुई लाख र ई- फुटबलमा एक लाख रुपैयाँ प्रदान गरिनेछ । प्रतियोगितालाई राष्ट्रिय खेलकुद परिषद् र कर्णाली प्रदेश ई-स्पोर्ट्स संघले सहयोग गरेका छन् ।

कर्णाली प्रदेश खेलकुद विकास परिषद्का सदस्य-सचिव विश्वामित्र सन्ज्यालले आधुनिक प्रविधिको खेल प्रतियोगिता कर्णालीमा हुनु सिंगो प्रदेशका लागि खुसीको विषय भएको र कर्णाली प्रदेशमा रहेका ई-स्पोर्ट्सका खेलाडीको आकर्षणलाई हेरेर प्रदेशले आयोजनामा सहयोग गरेको बताउनुभयो ।

# कोशीलाई महिला ह्विलचेयर बास्केटबलको उपाधि

**सुनसरी ।** प्रथम अन्तरप्रदेश महिला ह्विलचेयर बास्केटबल प्रतियोगिताको उपाधि कोशी प्रदेशले जितेको छ । सुनसरीको इटहरीमा शनिबार सम्पन्न फाइनलमा लुम्बिनी प्रदेशलाई पाँच का विरुद्ध आठ स्कोरले पराजित गर्दै कोशीले उपाधि आफ्नो पोल्टामा पारेको हो । पहिलो क्वाटरमा दुई-दुईको बराबरी स्कोर जोडेको कोशीले दोस्रो क्वाटरमा दुई-शून्यको अग्रता कायम गरेको थियो ।

तेस्रो क्वाटरमा लुम्बिनीसँग तीन-दुई स्कोरले पछि परेको कोशीले अन्तिम क्वाटरमा दुई-शून्यको स्कोर निकाल्दै विजेता बन्न सफल भएको हो । स्पाइनल इन्जुरी संघ कोशी प्रदेशको आयोजना तथा कोशी प्रदेश खेलकुद विकास बोर्डको मुख्य सहयोगमा सम्पन्न प्रतियोगिताको विजेता कोशीले उपाधिसँगै नगद २५ हजार पाएको छ । उपविजेता लुम्बिनीले २० हजार पाएको छ । प्रतियोगितामा कोशी प्रदेशकी रजनी राई उत्कृष्ट खेलाडीसँगै हाई स्कोरर घोषित हुनुभयो । दुई दिनसम्म चलेको प्रतियोगितामा मधेश प्रदेशबाहेक ६ वटै प्रदेशको सहभागिता थियो ।

## कोपा अमेरिका

# ब्राजिल र कोलम्बिया क्वाटरफाइनलमा

**एजेन्सी**

वासिङ्टन डिसी, १५ असार



ब्राजिल कोपा अमेरिका २०२४ को क्वाटरफाइनलमा प्रवेश गरेको छ । शनिबार बिहान सम्पन्न खेलमा पाराग्वेमाथि ब्राजिलले सहज जित निकालेको हो । एलेजिन्ट स्टेडियममा भिनिसियस जुनिअरको दुई गोलप्रेरित खेलमा ब्राजिलले पाराग्वेलाई ४-१ गोलअन्तरले पराजित गरेको हो ।

ब्राजिलले पहिलो हाफमै तीन गोलको अग्रता लिएको थियो । खेलको ३१औं मिनेटमै लुकास पाकेटाले पेनाल्टीलाई सदुपयोग गर्न नसकेपछि ब्राजिलले सुरुवाती अग्रता लिने मौका गुमाएको थियो । तर, ३५औं मिनेटमा भिनिसियस जुनिअरले गोल गर्दै ब्राजिललाई अग्रता दिलाउनुभयो । उहाँले लुकासको पासमा गोल गर्नुभयो । ४३औं मिनेटमा साभिओले गोल गर्नुभयो । पहिलो हाफको इन्जुरी समयको पाँचौं मिनेटमा भिनिसियसले व्यक्तिगत दोस्रो र टोलीका लागि तेस्रो गोल गर्नुभयो । तर, ४८औं मिनेटमा ओमर एल्डरेटेले गोल गर्दै पाराग्वेलाई ३-१ को स्थितिमा ल्याउनुभएको थियो । ६५औं मिनेटमा लुकासले पेनाल्टीमार्फत् गोल गरेपछि ब्राजिलले ४-१ को सहजै जित हासिल गरेको हो ।

जितसँगै ब्राजिलले दुई खेलबाट चार अंक जोडेको हो । पाराग्वे भने अंकविहीन रहेको छ । ब्राजिल पहिलो खेलमा कोस्टारिकासँग गोलरहित बराबरीमा रोकिएको थियो । पाराग्वे भने कोलम्बियासँग २-१ गोलअन्तरले पराजित भएको थियो । जितपछि ब्राजिल समूह 'डी' को दोस्रो स्थानमा छ । कोलम्बिया समूहको शीर्ष स्थानमा छ । पराजित कोस्टारिका र पाराग्वे घर फर्किएका छन् । कोस्टारिकाविरुद्ध ब्राजिल पराजित भएको अवस्थामा भने घर फर्किने सम्भावना बढी थियो । तर, निर्णायक खेलमा ब्राजिलले उत्कृष्ट प्रदर्शन गरेको हो । कोलम्बियाको ६, ब्राजिलको चार, कोस्टारिकाको एक र पाराग्वे अंकविहीन छ । अब अन्तिम खेलमा ब्राजिल र कोलम्बिया तथा कोस्टारिका र पाराग्वेले प्रतिस्पर्धा गर्नेछन् ।

यस्तै, कोस्टारिकालाई पराजित गर्दै कोलम्बिया कोपा अमेरिकाको नकआउट चरणमा प्रवेश गरेको छ । स्टेट फार्म स्टेडियममा शनिबार बिहान सम्पन्न खेलमा कोलम्बिया ३-० गोलअन्तरले विजयी भएको हो । जितसँगै समूह 'डी'मा रहेको कोलम्बिया दुई खेलबाट ६ अंक जोड्दै शीर्ष स्थानमा रह्यो । कोलम्बियाले पहिलो खेलमा बोलिभियालाई ३-० गोलअन्तरले पराजित गरेको थियो ।

# मेसीले अन्तिम खेल गुमाउने

**बर्लिन/एजेन्सी ।** अर्जेन्टिनी स्टार लियोनल मेसीले कोपा अमेरिका २०२४ अन्तर्गत समूह चरणको अन्तिम खेल गुमाउने हुनुभएको छ । साबिक विजेता अर्जेन्टिनाले कोपा अमेरिकामा समूह चरणको अन्तिम खेलमा आइतबार बिहान पेरुसँग खेल्ने तालिका छ । तर, अघिल्लो खेलमा चोट बोक्नुभएका मेसीले पेरुविरुद्धको खेल गुमाउने अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् । समूह चरणको दोस्रो खेलमा चिलीलाई १-० ले पराजित गर्दा उहाँमाथि खराब ट्याकल हुँदा लामो समय मैदानबाहिर राखेर उपचार गरिएको थियो । त्यस दौरान उहाँ पुनः मैदान फर्किएर पूरै ९० मिनेट खेल्दै अन्तिम समयमा उहाँकै कर्नरमा अर्जेन्टिनाले गोल गर्दै क्वाटरफाइनलमा स्थान पुगेका हो ।

**सखुवानन्कारकट्टी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सखुवानन्कारकट्टी, सिरहा, मधेश प्रदेश, नेपाल**

**करार सेवामा कर्मचारी भर्ना गर्ने सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८१/०३/१६)

प्रस्तुत विषयमा यस सखुवानन्कारकट्टी गाउँपालिकाको लागि तपसिल अनुसारको कर्मचारीहरु करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकाले इच्छुक र योग्यता पुगेका नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस गाउँ कार्यपालिकाको कार्यालयमा कार्यालय समय भित्र दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | वि.नं. | पद | सेवा/समूह | तह | संख्या |
|---|---|---|---|---|---|
| १ | ०१/२०८०/८१ | सहायक कम्प्युटर अपरेटर | विविध | सहायक स्तर चौथो तह | ८ |

क. न्यूनतम शैक्षिक योग्यता - मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई एस.एल.सी./ए.स.ई.ई. वा सो सरह उत्तीर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी./एस.ई.ई. वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तीमा ३ महिनाको कम्प्युटर तालिम प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी./एस.ई.ई. वा सो सरह उत्तीर्ण गरी विज्ञान तथा प्रविधि मन्त्रालयबाट SEMI SKILLED MAN POWER को लागि संचालित ३ महिनाको तालीम प्राप्त ।

ख. उमेर - १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (महिला र अपाङ्गको हकमा ४० वर्ष ननाघेको)

ग. सेवा सम्वन्धी प्रचलित कानून वमोजिम अयोग्य नभएको ।

- छनौटको किसिम - सखुवानन्कारकट्टी गाउँपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७८ अनुसार सूचिकरण र अन्तर्वार्ता ।
- आवेदन शुल्क - रु. ५००।- (पाँच सय) ।
- दस्तुर बुझाउने अन्तिम मिति - सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र र सो दिन विदा भए सोको भोलिपल्ट सम्म ।
- तलव स्केल तथा अन्य सुविधा - कानून बमोजिम ।
- सम्पर्क मिति - म्याद समाप्त भएको भोलिपल्ट ।
- परीक्षा मिति - पछि प्रकाशन गरिनेछ ।
- करार अवधि - २०८२ असार मसान्त सम्म । आवश्यकता अनुसार म्याद थप हुन सक्नेछ ।
- आवश्यक कागजातहरु - आवेदक स्वयंले प्रमाणित गरेका देहाय बमोजिमका कागजातका प्रतिलिपिहरु
  १. आवेदकको सम्पूर्ण शैक्षिक योग्यताका प्रमाण-पत्रका प्रतिलिपिहरु
  २. नेपाली नागरिकताको प्रतिलिपि
  ३. सरकारी निकायमा कार्यरत रहेको अनुभव खुल्ने कागजातहरु
  ४. राजस्व तिरेको रसिद
  ५. आवेदकको पासपोर्ट साइजको फोटो ३ प्रति

**प्रमुख प्रशासकीय अधिकृत**

**म्याग्दे गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**छाङ्ग, तनहुँ**
**गण्डकी प्रदेश, नेपाल**

**ढुङ्गा, गिट्टी, वालुवा, लगायत नदीजन्य पदार्थहरुको लिलाम बिक्रीका लागि विद्युतिय माध्यमवाट बोलपत्र आव्हान सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८१/०३/१६**

यस म्याग्दे गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८१/०१/३१ गतेको निर्णय बमोजिम तपशिलमा उल्लेखित स्थानहरुमा रहेका ढुङ्गा, गिट्टी, वालुवा, लगायत नदीजन्य पदार्थहरु जे जस्तो अवस्थामा छन सोहि अवस्थामा विद्युतिय माध्यमवाट बोलपत्र आह्वान गरि लिलाम बिक्री गर्नुपर्ने भएकाले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्र, ठेक्का प्रक्रियामा भाग लिन अयोग्य नभएको स्वघोषणा र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| सि.न | सूचना नं./ बोलपत्र न. | सामाग्रिहरुको विवरण | परिणाम (घन फिट) | न्युनतम बोलपत्र रकम (कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर(रु.) |
|---|---|---|---|---|---|---|
| १ | २२-२०८०/०८१ | थुप्रो नं. २- म्याग्दे-५ घडेरी, नक्सा नं.- छाड ७/ड, कित्ता नं.- ४८,११४,१३२ र १३१ को जग्गाहरु, जि. पि. एस. बिन्दु २७°५८'११" उत्तरी अंक्षाश ८४°०७'३६" पूर्वी देशान्तर मा रहेको ढुङ्गा, गिट्टी, बालुवा मिक्स | १,८१,०४०/- | रु. १६,२९,३६०/- (सोह्र लाख उन्नतीस हजार तीन सय साठी रुपैया मात्र) | कबोल अङ्कको कम्तिमा १० प्रतिशत | रु. २,०००/- (दुई हजार रुपैया मात्र) |
| २ | २३-२०८०/०८१ | थुप्रो नं. ३- म्याग्दे-५ घडेरी, नक्सा नं.- छाड ७/ड, कित्ता नं.- ४८,११४,१३२ ,१३१ र १२९ को जग्गाहरु, जि. पि. एस. बिन्दु २७°५८'११" उत्तरी अंक्षाश ८४°०७'३४" पूर्वी देशान्तर मा रहेको ढुङ्गा, गिट्टी, बालुवा मिक्स | २,३७,८९९/- | रु. २१,४१,०९१/- (एक्काईस लाख एकचालीस हजार एकानब्बे रुपैया मात्र) | कबोल अङ्कको कम्तिमा १० प्रतिशत | रु. २,०००/- (दुई हजार रुपैया मात्र) |

बोलपत्र फाराम सार्वजनिक खरिद अनुगमन कार्यालयको आधिकारिक वेवसाईट www.bolpatra.gov.np मार्फत मिति २०८१/०३/२७ गते दिनको १२ बजेसम्म विद्युतीय माध्यमबाट हेर्न र पेश गर्न सकिनेछ । साथै विस्तृत जानकारीको लागि यस कार्यालयको website;https://myagdemun.gov.np/ मा समेत हेर्न र कार्यालय समयभित्र फोन नं. ०६५-४००१०८ मा सम्पर्क गर्न सकिने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

**Government of Nepal**
**Department of Water Supply and Sewerage Management**
**Co-financing Water Supply and Sanitation Project**
**Panipokhari, Kathamandu**
**EoI Published Date: 2081-03-16**

The Project Management Office (PMO) of the Co-financing Water Supply and Sanitation Project (CFWSSP) invite Expression of Interest (EoI) from eligible National consulting firms ("consultant") to provide the consulting services for **Package-1: EoI No. CFWSSP/CS/DPR/03/2080-81** (a. Gaidakot CFWSSP, Nawalpur; b. Bardibas CFWSSP, Mahottari; c. Saradpur CFWSSP, Bharatpur; d. Ribdikot CFWSSP, Palpa; & e. Budhabare CFWSSP, Jhapa) and **Package-2: EoI No. CFWSSP/CS/DPR/04/2080-81** (a. Tinthana CFWSSP, Chandragiri; b. Majthana Kalika Begnas Hansapur Brihat CFWSSP, Kaski; c. Banglachuli CFWSSP, Dang; d. Tarkeshwar CFWSSP, Kathmandu; & e. Bhaluhi CFWSSP, Rupandehi). Interested eligible consultants may obtain further information and EoI document at the **address www.bolpatra.gov.np/egp. Detailed notice is available in the PPMO website www.bolpatra.gov.np/egp** and if any further information is required, please contact PMO Co-financing, Panipokhari at office time. Phone no.: 01-4006515

# सखुवानन्कारकट्टी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### सखुवानन्कारकट्टी, सिरहा, मधेश प्रदेश, नेपाल

## करार सेवामा कर्मचारी भर्ना गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८१/०३/१६)**

प्रस्तुत विषयमा यस सखुवानन्कारकट्टी गाउँपालिकाको लागि तपसिल अनुसारको कर्मचारीहरु करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकाले इच्छुक र योग्यता पुगेका नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस गाउँ कार्यपालिकाको कार्यालयमा कार्यालय समय भित्र दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | वि.नं. | पद | सेवा/समूह | तह | संख्या |
|---|---|---|---|---|---|
| १ | ०१/२०८०/८१ | सहायक कम्प्युटर अपरेटर | विविध | सहायक स्तर चौथो तह | ८ |

क. न्यूनतम शैक्षिक योग्यता - मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई एस.एल.सी./ए.स.ई.ई. वा सो सरह उत्तीर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी./एस.ई.ई. वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तीमा ३ महिनाको कम्प्युटर तालिम प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी./एस.ई.ई. वा सो सरह उत्तीर्ण गरी विज्ञान तथा प्रविधि मन्त्रालयबाट SEMI SKILLED MAN POWER को लागि संचालित ३ महिनाको तालीम प्राप्त ।

ख. उमेर - १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (महिला र अपाङ्गको हकमा ४० वर्ष ननाघेको)

ग. सेवा सम्वन्धी प्रचलित कानून वमोजिम अयोग्य नभएको ।

- छनौटको किसिम - सखुवानन्कारकट्टी गाउँपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७८ अनुसार सूचिकरण र अन्तर्वार्ता ।
- आवेदन शुल्क - रु. ५००।- (पाँच सय) ।
- दस्तुर बुझाउने अन्तिम मिति - सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र र सो दिन विदा भए सोको भोलिपल्ट सम्म ।
- तलव स्केल तथा अन्य सुविधा - कानून बमोजिम ।
- सम्पर्क मिति - म्याद समाप्त भएको भोलिपल्ट ।
- परीक्षा मिति - पछि प्रकाशन गरिनेछ ।
- करार अवधि - २०८२ असार मसान्त सम्म । आवश्यकता अनुसार म्याद थप हुन सक्नेछ ।
- आवश्यक कागजातहरु - आवेदक स्वयंले प्रमाणित गरेका देहाय बमोजिमका कागजातका प्रतिलिपिहरु
  १. आवेदकको सम्पूर्ण शैक्षिक योग्यताका प्रमाण-पत्रका प्रतिलिपिहरु
  २. नेपाली नागरिकताको प्रतिलिपि
  ३. सरकारी निकायमा कार्यरत रहेको अनुभव खुल्ने कागजातहरु
  ४. राजस्व तिरेको रसिद
  ५. आवेदकको पासपोर्ट साइजको फोटो ३ प्रति

**प्रमुख प्रशासकीय अधिकृत**